**Series : WXYZ/S**

**SET ~ 4**

रोल नं.
Roll No.

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

**प्रश्न-पत्र कोड**
**Q.P. Code** **24/S**

परीक्षार्थी प्रश्न-पत्र कोड को उत्तर-पुस्तिका के मुख-पृष्ठ पर अवश्य लिखें।
Candidates must write the Q.P. Code on the title page of the answer-book.

# नेपाली
# NEPALI

*निर्धारित समय : **3** घण्टे*
*Time allowed : **3** hours*

*अधिकतम अंक : **80***
*Maximum Marks : **80***

**नोट / NOTE** #

(I) कृपया जाँच कर लें कि इस प्रश्न-पत्र में मुद्रित पृष्ठ **11** हैं।
Please check that this question paper contains **11** printed pages.

(II) प्रश्न-पत्र में दाहिने हाथ की ओर दिए गए प्रश्न-पत्र कोड को परीक्षार्थी उत्तर-पुस्तिका के मुख-पृष्ठ पर लिखें।
Q.P. Code given on the right hand side of the question paper should be written on the title page of the answer-book by the candidate.

(III) कृपया जाँच कर लें कि इस प्रश्न-पत्र में **18** प्रश्न हैं।
Please check that this question paper contains **18** questions.

(IV) **कृपया प्रश्न का उत्तर लिखना शुरू करने से पहले, उत्तर-पुस्तिका में यथा स्थान पर प्रश्न का क्रमांक अवश्य लिखें।**
**Please write down the Serial Number of the question in the answer-book at the given place before attempting it.**

(V) इस प्रश्न-पत्र को पढ़ने के लिए 15 मिनट का समय दिया गया है। प्रश्न-पत्र का वितरण पूर्वाह्न में 10.15 बजे किया जाएगा। 10.15 बजे से 10.30 बजे तक परीक्षार्थी केवल प्रश्न-पत्र को पढ़ेंगे और इस अवधि के दौरान वे उत्तर-पुस्तिका पर कोई उत्तर नहीं लिखेंगे।
15 minute time has been allotted to read this question paper. The question paper will be distributed at 10.15 a.m. From 10.15 a.m. to 10.30 a.m., the candidates will read the question paper only and will not write any answer on the answer-book during this period.

***General Instructions :***

*(i)* *Question paper is divided into **2** parts.*

*(ii)* *It has total **18** questions.*

*(iii)* ***Part One** : **2** questions no. **1** to **2**.*

*(iv)* ***Part Two** : **16** questions no. **3** to **18**.*

*Attempt questions as per specific instructions.*

*Write question no. in answer book before attempting it.*

***सामान्य निर्देश :***

*(i)* यो प्रश्न-पत्र **दुई** भागमा विभाजन गरिएको छ ।

*(ii)* यस प्रश्नपत्रमा जम्मा **18** वटा प्रश्नहरू छन् ।

*(iii)* भाग एकमा **(1)** दुई **(2)** वटा प्रश्नहरू छन् जो प्रश्नसंख्या एक **(1)** देखि प्रश्नसंख्या दुई **(2)** सम्म छन् ।

*(iv)* भाग दुईमा **(2)** मा प्रश्नसंख्या तीन **(3)** देखि प्रश्नसंख्या अठारह **(18)** सम्म ।

विशेष निर्देशन अनुसार प्रश्नका उत्तर दिनुपर्नेहुन्छ ।

प्रश्नसंख्या उत्तरपुस्तिकामा लेख्न अनिवार्य छ ।

## भाग एक

## वस्तुपरक प्रश्नहरू

1. *निम्नलिखित बहुवैकल्पिक प्रश्नहरूका सही विकल्प चुनेर लेख्नुहोस् ।* *12×1=12*

(i) ____________ छन्दलाई व्यवस्थित रूपमा अघि सार्ने काम गरेका हुन् ।

(A) आचार्य पिङ्गलले

(B) आचार्य भरतमुनिले

(C) आचार्य भामहले

(D) आचार्य भानुभक्तले

(ii) 'मायावी' शब्दमा ____________ हुन्छ ।

(A) नगण

(B) मगण

(C) जगण

(D) भगण

(iii) छन्द शब्द संस्कृतको ____________ लागेर बनेको हुन्छ ।

(A) छन्द धातुमा घञ् प्रत्यय

(B) छन्द् धातुमा अ प्रत्यय

(C) छद् धातुमा असन् प्रत्यय

(D) छ धातुमा अन्द प्रत्यय

(iv) ____________ भनेको छन्दयुक्त कविता पाठ गर्दा प्रवाह वा नरोकिने काम हो ।

(A) यति

(B) गतिभङ्ग

(C) यतिभङ्ग

(D) गति

(v) छन्दयुक्त रचनाको चारै पाउमा अलग-अलग लक्षण छ भने त्यसलाई के भनिन्छ ?

(A) विषम छन्द

(B) सम छन्द

(C) अर्धसम छन्द

(D) वार्णिक छन्द

(vi) शिखरिणी छन्दको लक्षण ___________ हो।

(A) य, म, न, स, भ, एक लघु र एक गुरु

(B) य, म, न, स, भ, दुई लघु र दुई गुरु

(C) चारवटा सगण

(D) य, म, न, स, भ र अन्तमा एउटा गुरु

(vii) शब्द र अर्थको संयोगमा रही काव्यको शोभा बढ़ाउने तत्त्व नै ___________ हो।

(A) छन्द

(B) कथा

(C) कविता

(D) अलङ्कार

(viii) 'चन्द्रमाको जस्तै सुन्दर अनुहार' – यहाँ 'चन्द्रमा' शब्द ____________ हो।

(A) उपमान

(B) उपमेय

(C) साधारण धर्म

(D) वाचकपद

(ix) काव्यमा अर्थको प्रयोगद्वारा उत्पन्न हुने वैचित्र्य, चमत्कार र सौन्दर्यलाई _____________ भनिन्छ।

(A) अर्थालङ्कार

(B) शब्दालङ्कार

(C) उभयालङ्कार

(D) उपमा अलङ्कार

(x) प्रसङ्गले आएको विषय (उपमेय) लाई शब्दले नभनी त्यसको बद्लामा विषयी (उपमान) को मात्र उल्लेख गरिन्छ भने त्यहाँ कुन अलङ्कार हुन्छ ?

(A) उपमा अलङ्कार।

(B) अनुप्रास अलङ्कार।

(C) श्लेष अलङ्कार।

(D) अतिशयोक्ति अलङ्कार।

(xi) साधारण धर्म भनेको ______________ एउटा अङ्ग हो।

(A) अतिशयोक्ति अलङ्कारको

(B) अर्थालङ्कारको

(C) उपमा अलङ्कारको

(D) शब्दालङ्कारको

(xii) मगण र नगणको गणचिह्न क्रमश: ______________ हुन्छ।

(A) ऽऽऽ, ।ऽऽ

(B) ऽऽऽ, ।ऽ।

(C) ।।।, ऽऽऽ

(D) ऽऽऽ, ।।।

**2.** निम्नलिखित काव्यांश पढ़ेर सोधिएका बहुवैकल्पिक प्रश्नहरूका सही विकल्प चुनेर लेख्नुहोस्। *8×1=8*

सुखीका सुखको साक्षी दु:खीको दु:ख वर्धन।
झुल्कन्छ रातमा झुल्का फुलाई खुप गर्धन ॥
दु:खी कौरव झैँ खिन्न सुखी पाण्डव झैँ बनी।
हेर्दछन् द्रौपदी चीरतुल्य हेमन्त यामिनी ॥
पोखरीमा बिलायेको देखी कुमुदिनीकन।
लागे कुमुदिनीनाथ करुणावश पग्लन ॥

फिका देखिन्छ अत्यन्त पद्मले शून्य पोखरी।
जूवामा धनफालेका जुवाड़ेको मुखैसरी ॥
पद्मको रसका प्रेमी मदमत्त मधुव्रत।
घुम्नथाले अँगेरीका फूलमा दु:खकर्शित ॥
कहाँ बेली, कहाँ चम्पा, कहाँ मन्दार, पाटल।
काललले गनियो खालि फूलैमा तुच्छ धुर्सुल ॥
शीतले फूलका साना बगैंचाका बुटाहरू।
परलोक भये धेरै, रुन्छन् थोरै धुरूधुरू ॥
रसधारा चुसी सारा तुषाराले वनस्थली।
गरायो नीरसाऽऽकार छैन केही झिलीमिली ॥
पुष्पपल्लवको शोभा नभयेको वनै सब।
बन्यो स्वाऽऽधीनतारत्न फालेको देश झैँ अब ॥
गलेकी हिमवर्षाले, बलेकी तपले अति।
गौरी झैँ कलिला साना प्याहुली छन् कताकति ॥
देखिन्छ वनमा यौटा फुलेको लोध हालमा।
सिद्धि सम्पत्तिले पूर्ण योगी झैँ विश्वजालमा ॥
लेकबाट झर्यो सारा विवेकी क्रौञ्चको गण।
देशकालज्ञले लिन्थ्यो कूपमण्डूकता किन ? ॥
खलामा धानको दाइँ गर्नथाले धमाधम।
दु:खीको पसिनापूर्ण फल्यो सारा परिश्रम ॥
त्यो बेला ती दयेँराको आनन्दी रङ्ग देखदा।
चित्तले दङ्ग भै भन्छ यै हेमन्त रहोस् सदा ॥
मिहेमा धानको झुप्पा, झुम्दछन् गोरु धानमा।
दयेँरा धान वैरन्छन् मस्त छन् सब धानमा ॥
म भन्थेँ हिममा राम्रा बुट्टा भै भर्दछु भनी।
भित्र देखेँ महाबुट्टा बन्द भो टक्क लेखनी ॥

(i) कुमुदिनी बिलाएको देखेर कुमुदिनीनाथ के गर्न थाल्छन् ?

(A) करूणावश पग्लन थाल्छन्।

(B) खूप गर्धन फुलाउँछन्।

(C) पाण्डव जस्तै देखिन्छन्।

(D) हेमन्त जस्तै देखिन्छन्।

(ii) पद्मले शून्य पोखरी कस्तो देखिन्छ ?

(A) उजाड़

(B) उज्यालो

(C) हारेको जुवाड़े जस्तो

(D) पोखरी जस्तो

(iii) वनस्थली नीरस किन देखिन्छन् ?

(A) मौरीले सबै रस चुसेको कारणले।

(B) तुषाराले रसधारा चुसेको कारणले ।

(C) फूल नफुलेको कारणले।

(D) फूल सबै चोरेको कारणले ।

(iv) पुष्पपल्लव नभएको वन ___________ देखिन्छन् ?

(A) रुखमात्र

(B) झिलिमिली

(C) फिका

(D) स्वाधीनता फालेको देश जस्तो

(v) हेमन्तको समयमा सिद्धिसम्पत्तिले पूर्ण योगी जस्तै कुन फूल देखिन्छ ?

(A) लोध।

(B) पद्मकमल।

(C) गुलाफ।

(D) पलास।

(vi) कतिबेला हेमन्त सदा रहोस् जस्तो लाग्छ ?

(A) खलामा दाइँ गरेको बेला

(B) वनमा फूल फुलेको समयमा

(C) जाड़ो अत्यन्त भएको बेला

(D) जाड़ो महीना सकिने बेला

(vii) उक्त पंक्तिका रचनाकार को हुन् ?

(A) राजेन्द्र भण्डारी।

(B) बालकृष्ण सम।

(C) लेखनाथ पौड्याल।

(D) लक्ष्मीप्रसाद देवकोटा।

(viii) उक्त पंक्ति कुन ऋतुबाट निकालिएको हो ?

(A) हेमन्त ऋतु।

(B) वसन्त ऋतु।

(C) ग्रीष्म ऋतु।

(D) वर्षा ऋतु।

## भाग – दुई
## वर्णनात्मक प्रश्नहरू

**3.** निम्नलिखित प्रश्नका संक्षेपमा उत्तर लेख्नुहोस्। *5×2=10*

(i) 'जुनेली रेखा' उपन्यासको दुई मुख्य पात्रहरू को - को हुन् ?

(ii) मालिनीले कतिबेला जसेको जीत अनि आफ्नो हार भएको स्वीकार गरी ?

(iii) धनेको मृत्यु के भएर भएको थियो ?

(iv) बड़ासाहेबसँग बिन्ती बिसाउन जसेसँगअरु को-को गएका थिए ?

(v) मालिनीलाई जसे बारम्बार उसको घरमा आउँदा के कारणले अप्ठ्यारो लागेको थियो ?

**4.** निम्नलिखित प्रश्नहरूका उत्तर लेख्नुहोस्। *3×2=6*

(i) लेखनाथ पौड़्यालका कुनै दुई कृतिको नाम लेख्नुहोस्।

(ii) बालकृष्ण समका माता र पिताको नाम के हो ?

(iii) पारिजातको जन्म र मृत्यु कहिले भएको थियो ?

निम्नलिखित प्रश्नहरूका उत्तर लेख्नुहोस्।

**5.** उज्यालीले चिट्ठी लेख्न म पात्रलाई बोलाउनुको कारण के थियो ? *2*

**6.** रानुका माता-पिताको नाम के-के थियो ? *2*

**7.** सानीले कतिबेला आफू बुढ़ी भएको महसुस गरी ? *2*

**8.** रानुलाई के-कस्ता रोग लागेका थिए ? *3*

**9.** (a) यात्री सामान्य परिवारको हो भन्ने अनुमान सानीले कसरी लगाई ? *3*

**अथवा**

(b) उज्यालीको निम्तोमा म पात्र किन खुशी भएको थियो ?

निम्नलिखित प्रश्नहरूका उत्तर लेख्नुहोस्।

**10.** सयपत्री फूल र नेपाली जाति माझ कस्तो समानता पाइन्छ ? *2*

**11.** कुन पर्वमा नेपालीहरूले सयपत्री फूलको प्रयोग अधिक मात्रामा गर्छन् ? *2*

**12.** 'हाइ-हाइ अंग्रेजी' निबन्धले के भन्न खोजेको छ ? *4*

निम्नलिखित प्रश्नहरूका संक्षेपमा उत्तर लेख्नुहोस्।

**13.** नाटकलाई परिभाषित गर्नुहोस् ? *2*

**14.** नाटकको सफलता र असफलताको बारेमा रामकृष्ण शर्माको विचार के रहेको छ ? *3*

**15.** बन्दिनीको कलम भाँचिदिएपछि उसले कसरी विरोध गर्ने घोषणा गरी ? *3*

**16.** निम्नलिखित प्रश्नहरूका उत्तर लेख्नुहोस्। *3×2=6*

(i) संसारमा रहेका जातिहरू माझ कुनै भाषा सजिलै बुझ्ने र कुनै नबुझ्ने कारणहरू के हुन् ?

(ii) रुद्रराज पाण्डे र इन्द्रबहादुर राईका एक-एकवटा उपन्यासको नाम लेख्नुहोस् ?

(iii) कथा र उपन्यासमा रहेका कुनै दुईवटा फरक लेख्नुहोस्।

17. तल दिइएको **कुनै एक** विषयमा लगभग 150 शब्दभित्रको निबन्ध लेख्नुहोस्। 5

- नेपाली भाषा र यसको महत्त्व।
- वन जंगल र संरक्षणको आवश्यकता।
- देशभक्ति

18. (a) 'आफ्नो गाउँ आफै बनाऔँ' भन्ने विषयलाई प्रकाश पार्दै आफ्नो साथीलाई एउटा पत्र लेख्नुहोस्। 5

**अथवा**

(b) सड़क तथा बाटोमा डुलुवा कुकुरले सबैलाई असुरक्षित पारेको कारण व्यवस्थापन गरिदिन अनुरोध गर्दै पशुपालन विभागका निर्देशकलाई एउटा निवेदन लेख्नुहोस्।